प्रदेश सरकार
प्रदेश नं. ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## वुटवल, नेपाल

सचिव बैठक नंः ३१

बैठक मितिः २०७६/३/२

<u>उपस्थिती</u>

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री तारा प्रसाद भट्टराई | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री केशवराज आचार्य | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री किशोर जोशी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री ईन्द्र वहादुर पछाई | नि. सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| डा. प्रदिप शर्मा | नि.सचिव | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |

<u>आमन्त्रित</u>

| | | |
|---|---|---|
| श्री विष्णु प्रसाद गौतम | सदस्य | प्रदेश योजना आयोग |
| श्री पुष्पा भुषाल लुईटेल | सदस्य | प्रदेश योजना आयोग |
| श्री ज्ञानहरी घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री श्याम विहारी मौर्य | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री रामचन्द्र अर्याल | शा.अ. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री सागर अधिकारी | शा.अ. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री डिलाराम पौडेल | स.व.अ. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल

**प्रमुख सचिव**

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. ५ बुटवल

<u>निर्णयहरु</u>

१. चालू आ.व. २०७५/७६ को कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिई सम्पन्न गराउने । आर्थिक वर्षको अन्त्यमा बजेट खर्च गर्ने उद्देश्यले मात्र कार्यक्रम संचालन गर्ने प्रवृत्ति अन्त्य गर्ने । कार्यक्रमको गुणस्तर र परिणाम सुनिश्चित हुनेगरी कार्यक्रम संचालन र बजेट खर्च गर्ने ।

२. आगामी आ.व. २०७६/७७ को प्रदेश सभाबाट पारित नीति कार्यक्रम कार्यान्वयनको जिम्मेवार निकाय, कार्यान्वयन अवधि र अनुगमन सूचक सहितको कार्ययोजना २०७६ असार मसान्तभित्रै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले तयार गर्ने।

३. आगामी आ.व. २०७६/७७ को बजेट वक्तव्यमा रहेका नीति कार्यक्रमहरुको कार्यान्वयनको जिम्मेवार निकाय कार्यान्वयन अवधि र अनुगमन सूचक सहितको कार्ययोजना २०७६ असार मसान्तभित्रै आर्थिक मामिला तथा योजना मन्त्रालयले तयारी गर्ने ।

४. आगामी आ.व. २०७६/७७ को नीति कार्यक्रम, बजेट तथा वार्षिक विकास कार्यक्रमबमोजिमको बार्षिक कार्ययोजना गत आ.व. मा प्रयोग गरिएको खाकामा २०७६ असार मसान्तभित्रमा तयार गर्ने । माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा र माननीय मन्त्रीज्यूहरुको सहभागितामा उक्त कार्ययोजना उपर मिति २०७६/४/२ र ३ गते छलफल गर्नेगरी सबै मन्त्रालयहरुले तयारी गर्ने ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट मस्यौदा गरी राय सुझावका लागि पठाईएको प्रदेश सरकारअन्तर्गतका निकायहरुको संगठन संरचना र दरवन्दी विवरणसम्वन्धी कार्यविधिमा सवै मन्त्रालयहरुले आफ्नो मन्त्रालयमा छलफल गरी २०७६ असार १० गतेभित्र सुझाव पठाउने ।

६. कानून निर्माण सम्वन्धमा देहायबमोजिम गर्ने।

   क. प्रदेश सभावाट हालसम्म निर्माण भएका ऐन कार्यान्वयनका लागि आवश्यक नियमावलीहरु र मन्त्रालयहरुको काम सुचारु गर्न वा नीति कार्यक्रम तथा वजेटले प्रतिवद्धता जनाएका आवश्यक नयाँ विधेयकहरु तर्जुमा गर्न सम्वन्धित मन्त्रालयका सचिवको नेतृत्वमा समिति गठन गर्ने। उक्त समितिमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको कानून हेर्ने उपसचिव वा नभए अधिकृतलाई सदस्य तोक्ने ।

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. ५ बुटवल

प्रमुख सचिव

ख. चालू आ.व.मा पारित भएका ऐन नियमहरुको संग्रह गरी प्रकाशन गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको अध्यक्षतामा कार्यदल गठन गर्ने ।

७. मन्त्रालयहरुबाट चालू आ.व.मा भएका नीतिगत निर्णयहरु राजपत्रमा प्रकाशन गर्नुपर्ने भए आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने ।

६।३।२

प्रमुख सचिव

<u>सादर अवगतार्थ</u>

माननीय मुख्यमन्त्रीज्यू ।

माननीय मन्त्रीज्यूहरु ।